# यस अ.दु.अ.आयोगबाट पुनराबेदन पत्र दायर गर्न बुझाएको मुद्दाको संक्षिप्त बिबरण :

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **लाल बहादुर सुवेदी समेत भएको** (वि.अ. को२०७९-CR-००८४ वि.अ. को फैसला मिति २०८०।११।०१ | गैरकानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचार गरेको । | जिल्ला सूर्खेत पञ्चपुरी नगरपालिकाका न्यू रामजाली फ्रेस ढावा तन्दुरी सेन्टर एण्ड होटलका सञ्चालक प्रतिवादी भविलाल रामजालीले पञ्चपुरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुर्खेतबाट भुक्तानी लिनका लागि आफ्नो होटलको बिलमा आफैले भरी भुक्तानीका लागि निबेदन साथ पेश गर्नु पर्नेमा सो नगरी उक्त होटलको पान नं.६११३७३७१७ भएको १४ थान खाली बिलहरूमा छाप लगाई प्रतिबादी मोहन बहादुर बुढालाई दिई निजबाट रू.२,६२,५०२।– (दुईलाख बैसट्ठी हजार पाँच सय दुई) भुक्तानी समेत लिएको र गैह्रकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कार्य गरी झुट्टा बिल भरपाई | **१. फैसलाः**<br>विशेष अदालतबाट फैसला हुँदा प्रतिवादी मोहन बहादुर बुढाले खर्च लेख्ने अधिकारीको स्विकृति विना झुट्टा बिल भरपाइ बनाइ रू.२.६२,५०२।- भुक्तानी दिने कार्य गरेको देखिदा निज प्रतिवादीले गैर कानुनी लाभहानी पुऱ्याउने कार्य गरेको पुष्टी भइ निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसुर गरेको पुष्टि भएको देखिदा निज प्रतिवादी मोहन बहादुर बुढालाई सोही ऐनको दफा ८(१) बमोजिम ६ महिना कैद र विगो रु.२.६२.५०२/- (दुई लाख वैसट्ठी हजार पाँच सय दुई रुपैयाँ) वरावर जरिवाना तथा विगो समेत असुल उपर हुने ठहर गरी आरोप माग दावी अनुसार कसूर कायम गरी सजाय गरेको देखिन्छ।<br>प्रतिवादी भविलाल रामज़ालीले प्रतिवादी मोहन बहादुर बुढालाई खाली विलहरु उपलब्ध गराई मतियारको रुपमा कसुरमा संलग्न रहेको देखिदा निज प्रतिवादीको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर देखिंदा निज प्रतिवादीलाई सोही ऐनको दफा २२ बमोजिम ३ महिना कैद र बिगोको आधी रु. १.३१,२५१/- (एक लाख एकतिस हजार दुई सय एकाउन्न रुपैयाँ) जरिवाना हुने ठहर गरेको तर मोहन बहादुर बुढाले गरेको कसुरमा ऐ. दफा २२ को प्रतिबन्धात्मक बाक्यांश अनुसारको मतियारको कसुरदार ठहर नगरी आरोप माग दावी भन्दा फरक | क) विशेष अदालतबाट प्रतिवादी मध्येका भविलाल रामजालीलाई मतियार तर्फ ३ महिना कैद र रू.१,३१,२५१।– जरिवाना हुने ठहर गरी र अर्का प्रतिवादीहरु लाल बहादुर सुवेदी र तुलसी के.सी. लाई सफाई दिने गरी भएको फैसला उपर देहाय बमोजिम पुनरावेदन जिकिर लिईएको छ।<br>ख) प्रतिवादी भविलाल रामजालीले पञ्चपुरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुर्खेतमा भुक्तानी लिनका लागि आफ्नो होटलको बिलमा आफैले भरी भुक्तानीका लागि निबेदन साथ पेश गर्नु पर्नेमा सो नगरी उक्त होटलको पान नं.६११३७३७१७ भएको १४ थान खाली बिलहरूमा छाप लगाई प्रतिबादी मोहन बहादुर बुढालाई दिई निजबाट रू.२,६२,५०२।– (दुईलाख बैसट्ठी हजार पाँच सय दुई) भुक्तानी समेत लिएको देखिंदा यी प्रतिवादीले आर्थिक लाभ प्राप्त नगरी यस किसिमको कार्य गर्ने प्रश्नै हुदैन।यसरी आफुले पनि गैर कानूनी लाभ लिई राष्ट्रसेवक मोहन बहादुर बूढालाई समेत गैह्रकानूनी लाभ पुऱ्याउने तथा पञ्चपुरी नगरपालिकालाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले कार्य गरी झुट्टा बिल भरपाई बनाउने कार्यमा मतियार भई निज प्रतिवादी भविलाल रामजालीले गरेको उक्त कार्य कसूर गर्ने राष्ट्रसेवकलाई त्यस्तो कसूर गरेवापत गैरकानूनी लाभ उपलब्ध गराई दिने भूमिका निर्वाह गरेको तथ्य स्थापित हुन गई कसूर गर्ने व्यक्ति सरह नै सजाय हुनु पर्नेमा सो नगरी दफा २२ बमोजिमको मतियार मात्र ठहर गरी कसूरदारलाई हुने सजाय सरह सजाय नगरी भएको प्रस्तुत फैसला भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्याँशमा भएको कानूनी व्यवस्थाको प्रतिकुल हुने गरी भएको फैसला सो हद सम्म त्रुटिपूर्ण भै बदर भागी छ।<br>ग) प्रतिवादीहरु लाल बहादुर सुवेदी र तुलसी के.सी. पञ्चपुरी नगरपालिकाका अधिकृत स्तरका कर्मचारी भएकोमा विवाद छैन। प्रतिवादीहरुले आरोपित कसूरमा इन्कार रही बयान गरेको देखियतापनि प्रतिवादी मध्येका पञ्चपुरी नगरपालिकाका अधिकृत (छैटौं) लाल बहादुर सुवेदीले प्रदेश सुशासन कार्यक्रमका लागि रू.१४,३५०।– (चौध हजार तिन सय पचास) र ऐ. नगरपालिकाका अधिकृत (छैटौं) तुलसी के.सी.ले शिक्षा शाखाबाट आयोजना हुने बिज्ञ समुहको बैठक, परिक्षा समितिको बैठक र शिक्षा समिति बैठकहरूको लागि रू.१,८५,१००।– (एकलाख पचासी हजार एक सय) बराबरको खाना नास्ता प्रमुख प्रशासकीय अधिकृतको अनुमति नलिई अर्डर गरेको विल तयार गरी भुक्तानी गरेको पुष्टि भएको छ। न्यू रामजाली ढावा तन्दुरी सेन्टर एण्ड होटलमा खाजा अर्डर गरेको निजहरुको बयान कथन भएतापनि प्रमुख प्रशासकीय अधिकृत ले मौकाको घटना बिबरण कागजमा उक्त होटलमा अर्डर गरि खाएको खाना नास्ता सरकारी कामको लागि नभएर अन्य खाना खाजा खर्चमा प्रयोग भएको रकम हो र उक्त होटलमा गरेको अर्डरमा मेरो अनुमति नरहेको भनी खुलाई दिएकोले नगरपालिकाको खर्च गर्न पाउने अख्तियारी पाएका व्यक्ति प्रमुख प्रशासकीय अधिकृत रोमाकान्त पाण्डेयलाई जानकारी नगराई एवं अनुमति नलिई प्रतिबादी लाल बहादुर सुवेदीले रू.१४,३५०।– (चौध हजार तिन सय पचास) र तुलसी के.सी.ले रू.१,८५,१००।– (एकलाख पचासी हजार एक सय) बराबरको खाजा नास्ता अर्डर गरेको देखिनुको साथै उक्त रकम समेतको लेखा अधिकृत मोहन बहादुर बुढाले झुट्टा बिल भरपाई बनाई होटल संचालक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बनाउने कार्यमा मतियार भई निज भविलाल रामजालीले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिम मोहन बहादुर बुढाले गरेको कसुरमा ऐ. दफा २२ को प्रतिबन्धात्मक बाक्यांश अनुसारको मतियारको कसुर गरेकाले निज भविलाल रामजाली उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम मुख्य कसुरदार मोहन बहादुर बुढालाई हुने सजायमा ऐ.दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम सजाय हुन माग दावी लिईएको देखिन्छ। अर्का प्रतिवादी पञ्चपुरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय सुर्खेतका अधिकृत (छैटौं) लाल बहादुर सुवेदी र अधिकृत (छैटौं) | मतियार ठहर गरी फैसला गरेको र अन्य प्रतिवादीहरु लाल बहादुर सुवेदी र तुलसी के.सी.ले अभियोगदाबीबाट सफाई पाउने ठहर्छ भनी फैसला गरेको अबस्था छ।<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मूल बुदा एवं आधारहरु :**<br>क) प्रतिवादी भविलाल रामज़ालीले अर्का प्रतिवादी मोहन बहादुर बुढालाई खाली विल उपलब्ध गराई मतियारको रुपमा कसुरमा संलग्न रहेको देखिंदा निज प्रतिवादीको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर भएको देखिएको,<br>ख) प्रतिवादीहरु लाल बहादुर सुवेदी र तुल्सी के.सी. को हकमा हेर्दा, यी प्रतिवादीहरु पञ्चपुरी नगरपालिका कर्मचारी रहेको विवाद नरहे पनि जिम्मेवारीका हिसावले लेखा उत्तरदायी अधिकारी रहे भएका भन्ने देखिदैन।<br>ग) न्यू रामजाली फ्रेस ढावा तन्दुरी सेन्टर एण्ड होटलका नाममा भुक्तानी भएको रकमको बिल भरपाइ तयार गर्ने कार्यमा यी प्रतिवादीहरुले संलग्न रहेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट नदेखिएको,<br>घ) प्रतिवादीहरु लाल बहादुर सुवेदी र तुल्सी के.सी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिएको तथा यी प्रतिवादीहरुले निज मोहन बहादुर बुढालाई झुट्टा बिल भरपाइ वनाइ भुक्तानी लिने दिने कार्यमा सहयोग गरी मतियारको कसुर गरेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको नदेखिएको। | घ) | भविलाल रामजालीलाई भुक्तानी दिएको देखिएकोले खर्च गर्ने अख्तियारी प्राप्त ब्यक्ति प्रमुख प्रशासकीय अधिकृतको अनुमती नलिई उल्लेखित रकम बराबरको खाजा नास्ता अर्डर गरी आर्थिक अनुसासन विपरीत बदनियतपूर्वक कार्य गरेको प्रष्ट हुन्छ। यी प्रतिवादीहरुले खाजा नास्ता अर्डर गरेको भन्ने कुरा वास्तविक र यथार्थ कार्यकोलागि खर्च भएको भए सो नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा लेखा शाखामा कार्यरत लेखापाल लगायत अन्य कर्मचारीहरुलाई पनि जानकारी हुनुपर्ने हो तर उक्त जानकारी भएको मिसिल संलग्न तथ्य प्रमाणहरुबाट देखिन नआएको हुँदा निज प्रतिवादीहरुले अर्का प्रतिवादी मोहन बहादुर बूढाले गरेको कसूरको मतियार बनि कसूर गरेको प्रष्ट हुँदाहुदै मिसिल संलग्न सबूद प्रमाणहरुको अनदेखा गरी यी प्रतिवादीहरु लाल बहादुर सुवेदी र तुलसी के.सी.लाई आरोपित कसूरबाट सफाई दिने गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण देखिंदा बदर भागी छ।<br>ग) प्रतिवादी मोहन बहादुर बुढाले आफू तथा भविलाल रामजाली समेतलाई गैर कानूनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा पञ्चपुरी नगरपालिकालाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले झुट्टा बिल भरपाई बनाई भुक्तानी लिने दिने गरेको कार्यलाई विशेष अदालतले स्वीकार गरी यी प्रतिवादी मोहन बहादुर बुढालाई कसूरदार ठहर गरी सजाय समेत भएकोमा सोही नगरपालिकाका कर्मचारीहरु प्रतिवादी लाल बहादुर सुवेदी र तुलसी के.सी. को हित एवं स्वार्थसंग पनि सरोकार तथा सम्बन्धित विषय रहेको अबस्थामा निज प्रतिवादी लाल बहादुर सुवेदी र तुलसी के.सी.को मिलेमतो भई प्रतिबादी लाल बहादुर सुवेदीले रू.१४,३५०।– (चौध हजार तिन सय पचास) र तुलसी के.सी.ले रू.१,८५,१००।– (एकलाख पचासी हजार एक सय) बराबरको खाजा नास्ता अर्डर गरेको र उक्त रकम समेतको लेखा अधिकृत मोहन बहादुर बुढाले झुट्टा बिल भरपाई बनाई उक्त होटल संचालकलाई भुक्तानी दिएको देखिएकोले खर्च लेख्ने अधिकारीको आदेश एवं बिना जानकारी अर्डर गरेको रकम कसूरदार प्रतिवादी मोहन बहादुर बुढाले अर्का प्रतिवादी भविलाल रामजालीलाई भुक्तानी दिनुपर्ने अवस्था देखिंदैन। प्रतिवादी लाल बहादुर सुवेदी र तुलसी के.सी.को संलग्नता बिना निजहरुले खाजा नास्ता भनि अर्डर गरेको भुक्तानी दिनु पर्ने रकम प्रतिवादी मोहन बहादुर बुढालाई पनि थाहा जानकारी थियो भनी प्रतिवादी मोहन बहादुर बुढाले खुलाएको समेत नदेखिदा यी प्रतिवादीहरुको संलग्नता थिएन भनी भन्न सकिने अवस्था परिस्थितिको विद्यमानता समेत नरहेको नभएको अवस्थामा विशेष अदालतबाट गलत ब्याख्या गरी यी प्रतिवादीहरुले निज मोहन बहादुर बुढालाई झुट्टा बिल भरपाइ वनाइ भुक्तानी लिने दिने कार्यमा सहयोग गरी मतियारको कसूर गरेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको नदेखिएको भन्ने आधारहरु ग्रहण गरी प्रतिवादी लाल बहादुर सुवेदी र तुलसी के.सी. लाई मतियारको कसूरदार ठहर गर्नु पर्नेमा उक्त प्रमाणको विश्लेषण नगरी सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदर भागी छ।<br>अतः माथि विवेचित आधार र कारण समेतबाट विशेष अदालतले गरेको फैसला उपर प्रतिवादी मध्येका भविलाल रामजालीलाई कसूरदार सरहको मतियारको कसूर ठहर नगरी सजाय समेत नगरेको तर मतियारको मात्र कसूर ठहर गरी सजाय गरेकोमा सो हद सम्म त्रुटिपूर्ण रहेको र प्रतिवादी मध्येका लाल बहादुर सुवेदी र तुलसी के.सी.लाई आरोप दावी बमोजिमको कसूरबाट सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भएको हुँदा बदर गरी निज प्रतिवादी भविलाल रामजाली, लाल बहादुर सुवेदी र तुलसी के.सी. लाई आरोप मागदावी बमोजिम कसूर कायम गरी सजाय गरी पाउन सर्वोच्च अदालतमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तुलसी के.सी.ले गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)को खण्ड (ङ) बमोजिमको मोहन बहादुर बुढाले गरेको कसुरमा ऐ. दफा २२ बमोजिम मतियारको रुपमा कसुर गरेकाले निज लाल बहादुर सुवेदी र तुलसी के.सी.उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम मुख्य कसुरदार मोहन बहादुर बुढालाई हुने सजायमा ऐ. दफा २२ अनुसार मतियारको सजाय हुन माग दावी लिई विशेष अदालतमा आरोपपत्र दायर गरिएको देखिन्छ। | प्रतिवादी मोहन बहादुर बुढालाई आरोप मागदावी बमोजिम ६महिना कैद र विगो रू.२,६२,५०२।- कायम गरी विगो बमोजिम जरिवाना गरी उक्त विगो समेत असूल उपर हुने ठहर गरी फेसला भएको देखिदा निजको हकमा पुनरावेदन जिकीर लिनु परेन। | पुनरावेदन पत्र प्रस्तुत गरिएको। |